सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ४ मिति : २०७७/०९/२८

भाग–२

सियारी गाउँ कार्यपालिका

## प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि २०७७ (पहिलो संशोधन) २०७७

सियारी गाउँपालिका, गाँउ कार्यपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ को दफा २ (ग), दफा ३ को उपदफा २ (छ, ज), दफा ४ को उपदफा ३ (क, ख, ग, घ, ङ) बमोजिम सियारी गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सियारी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि २०७५ सशोंधन गर्न प्रस्ताव पेश भएका आधारहरु

| क्र.सं. | विद्यमान अवस्था | समस्या | निराकरणको उपाय | निर्णय गर्नु पर्ने व्यहोरा |
|---|---|---|---|---|
| १. | सियारी गा.पा.मा प्राविधिक कर्मचारी २०७५ भएको | श्रेणीविहिन र आयोजनाका कर्मचारीहरु राख्न स्पष्ट नभएको | उक्त कार्यविधिमा दफा २(ग) मा (सियारी गाउँपालिका करार प्राविधिक,आयोजना तथा श्रेणीविहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि कायम गर्ने) | उक्त कार्यविधिमा दफा २(ग) मा कार्यविधि भन्नाले (सियारी गाउँपालिकामा करारमा प्राविधिक, आयोजना तथा श्रेणीविहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि कायम गर्ने निर्णय गर्ने) |
| २. | दफा ३ को उपदफा (२) मा आयोजनाका कर्मचारी, श्रेणिविहिन कर्मचारी उल्लेख नहुनु | श्रेणीविहिन र आयोजनाका कर्मचारीहरु राख्न स्पष्ट नभएको | दफा ३ को उपदफा (२) मा (छ) मा आयोजनाका कर्मचारी सेवासँग सम्बन्धी विषय<br>(ज) मा श्रेणिविहिन कर्मचारी सेवासँग सम्बन्धीत विषय | दफा ३ को उपदफा (२) मा (छ) मा आयोजनाका कर्मचारी सेवासँग सम्बन्धी विषय<br>(ज) मा श्रेणिविहिन कर्मचारी सेवासँग सम्बन्धीत विषयहरु समावेश गर्ने निर्णय गर्ने |
| ३ | दफा (४) को उपदफा (३) (क) **शैक्षिक योग्यता वापत -६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वीतिय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।** | शैक्षिक योग्यताको मात्र मूल्याङ्कन गर्दा सीप सम्बन्धी ज्ञान भएको व्याक्ति छनोट नभएको | शैक्षिक योग्यतावापतको अंक घटाई सीप तथा अन्य विषयमा मूल्याङ्कन हुनुपर्ने | **दफा ४ उपदफा ३ (क)माशैक्षिक योग्यता वापत३०(तीस) अंक, (विशिष्ट श्रेणी वा GPA ३.६ भन्दा माथि ३०, प्रथम श्रेणी वा GPA ३.२ देखि ३.६ सम्म २५,** द्वितीय **श्रेणी वा GPA २.८ देखि ३.२ सम्म२०, तृतीय श्रेणी वा GPA २.८ भन्दा कम१५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) निर्णय गर्ने ।** |
| ४ | दफा (४) को उपदफा (३) (ख) **कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)** | कार्यअनुभववापतको अंक न्युन हुँदा अनुभवी दक्ष व्याक्ति छनोट हुन नसकेको | **कार्य अनुभव वापत -१५(पन्ध्र) अंक (प्रति वर्ष ३ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।** | दफा (४) को उपदफा (३) (ख) मा **कार्य अनुभव वापत -१५(पन्ध्र) अंक (प्रति वर्ष ३ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।** |

| | | | | |
|---|---|---|---|---|
| ५ | दफा (४) को उपदफा (३) (ग)स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक<br>१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा - १० अंक<br>२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक | दक्ष व्याक्ति छनोटमा समस्या | दफा (४) को उपदफा (३) (ग)स्थानीय बासिन्दालाई देहाय बमोजिम - ५ (पाँच) अंक<br>क. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा - ५ अंक<br>ख. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - २ अंक | दफा (४) को उपदफा (३) (ग)स्थानीय बासिन्दालाई देहाय बमोजिम - ५ (पाँच) अंक<br>क. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा - ५ अंक<br>ख. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - २ अंक दिने निर्णय गर्ने |
| | | | | |
| ६ | दफा (४) को उपदफा (३) (घ)अन्तवार्तामा अधिकतम २० अंक यस अनुसारअकं प्रदानगर्दान्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदानगर्नुपर्नेछ । | दक्ष व्याक्ति छनोटमा समस्या | दफा (४) को उपदफा (३) (घ)अन्तवार्तामा अधिकतम ३०(तीस) अंक यस अनुसारअकं प्रदानगर्दान्युनतम १२(बाह्र) र अधिकतम २१ (एक्काइस) को सीमाभित्र रही प्रदानगर्नुपर्नेछ । | दफा (४) को उपदफा (३) (घ)अन्तरवार्तामा अधिकतम ३० अंक यस अनुसारअकं प्रदानगर्दान्युनतम १२ (वाह्र) र अधिकतम २१ (एक्काइस) को सीमाभित्र रही प्रदानगर्ने निर्णय गर्ने । |
| ७ | सीप परीक्षणको व्यवस्था नभएको | सीपयुक्त कर्मचारी छनोट हुन नसकेको | सीप परीक्षणमा २० पूर्णाङ्क दिई सीप परीक्षणमा उत्तिर्ण हुनुपर्ने | दफा (४) को उपदफा (३) (ङ). सीप परीक्षण २० (बीस) अंक छुट्टाउनेनिर्णय गर्ने । |

प्रमाणिकरण मिति : २०७७/०९/२८

आज्ञाले
**मिन प्रसाद भट्टराई**
प्रमुख प्रशासकीय अधिकृत